☎ ०७१-५६०५९९

# तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

(राजस्व शाखा)

प.सं. ०७७।०७८

च.नं.

## सभाहल तथा अतिथिगृह लिजमा दिने सम्बन्धी दरभाउपत्र आह्वानको ७ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७८।०१।१३

तिलोत्तमा नगरपालिकाको वडा नं.९ मा रहेको बहुउद्देश्यिय सभाहल र अतिथिगृहको सञ्चालन १५ वर्षका लागि बहाल (लिज) प्रकृयाबाट निजिक्षेत्र मार्फत गराउनु परेकोले यो सूचना प्रकाशन गरिएको छ। देहायका शर्तहरुको अधिनमा रही लिजमा लिन ईच्छुक व्यक्ति वा फर्मबाट गोप्य सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**ठेक्का सम्बन्धि शर्तहरु**

१ सिलबन्दि दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले सातौं दिनको कार्यालय समय भित्र एन.आई.सि एशिया बैंकमा रहेको १०५२०५५४९९५९९०१२ खातामा रु.१०००। (फिर्ता नहुने गरि) जम्मा गरेको भौचर राजस्व शाखामा पेश गरि खरिद गर्न सकिनेछ । यसका लागि व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म भए फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थाई लेखा नं प्रमाणपत्रको प्रतिलिपी र आ.व.०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ

२ न्युनतम कबोल अंक वार्षिक रु.१८,००,०००।-(अक्षेरुपी अठार लाख मात्र कायम गरिएको छ । दरभाउपत्रदाताले आँफुले बुझाउन मञ्जुर गरेको वार्षिक बहाल रकम र धरौटी रकम अंक तथा अक्षर दुवैमा स्पष्ट बुझिने गरी दरभाउपत्रमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

३ सिलबन्दि दरभाउपत्रसाथ आँफुले कबोल गरेको रकम (वार्षिक) को ५% ले हुने दरभाउपत्र जमानत वापतको रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले आठौं दिनको १२.०० वजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिने छ। प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन।

५ दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट खरिद तथा दर्ता गर्न सकिनेछ। कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइनेछैन।

६ लिज सम्बन्धि थप शर्तहरु यस कार्यालयको वेवसाईट : www.tilottamamun.gov.np मा राखिएको छ।

........................

प्रमुख प्रशासकीय अधिकृत